चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ

☎फोन नं.: ०६६- ४४०१७०
✆फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np

गण्डकी प्रदेश, नेपाल

## मिति २०७९।०४।०५ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. चामे गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण कार्यविधी,२०७९ सर्वसम्मतले पास गर्ने निर्णय गरीयो ।

२. स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्दी मापदण्ड,२०७८ को दफा ३ बमोजिम पदपूर्ति समिति गठन अनुसार रोजगार सहायकको लागि विषय विज्ञ जिल्ला प्रशासन कार्यालय मनाङका सहायक प्रमुख जिल्ला अधिकारी श्री विष्णु प्रसाद ढुङ्गाना लाई नियुक्ति गर्ने निर्णय गरियो ।

३. चामे गाउँपालिकाबाट विभिन्न आयोजनाहरुको ठेक्काको सूचना तथा सम्झौता सम्बन्धी काम २०७९ साल असोज मसान्त भित्र सम्पन्न गर्ने निर्णय गरियो ।

४. चामे गाउँपालिका वाट संचालन हुने वडा स्तरीय योजनाहरुको उपभोक्ता समिति गठन २०७९ साल असोज मसान्त सम्म गर्ने निर्णय गरियो ।

५. चामे गाउँपालिकाको सम्पुर्ण जनप्रतिनिधिले यथासमयमै सम्पत्ति विवरण कार्यालयमा पेश गर्ने निर्ण गरियो ।

६. चामे गाउँपालिकामा चालु हालतमा जम्मा १ थान स्कारपियो जीप मात्र भएकोले कार्यालयको दैनिक प्रशासनिक कामकाज तथा आयोजनाको अनुगमन मूल्याङ्कन सम्बन्धी काममा पर्याप्त सवारी साधन नहुँदा प्रभावकारी कार्यसम्पादन हुन नसकेकोले चालु आ.व. २०७९।८० मा सवारी साधनमा बजेट विनियोजन भएको हुदाँ सो बमोजिम सवारी साधन (दुइ पाङ्ग्रे र चार पाङ्ग्रे समेत) खरिद प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने सम्बन्धमा सर्वसम्मतले निर्णय गरियो।